# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२
चलानी नं.

**सेवा करारमा नगर प्रहरी पदपुर्ती गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०३/१०)**

सिद्धलेक गाउँपालिका मा देहायको पद, संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी गाउँसभाको १६औ अधिबेशनको निर्णय अनुसार करारमा थप १ जना नगर प्रहरी राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र माग बमोजिम को कागजात र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र.सं. | विज्ञापन. नं. | पद | संख्या | दरखास्त दस्तुर रु |
|---|---|---|---|---|
| १ | ०८/२०८१/८२ | नगर प्रहरी जवान | १ (खुला) | ३०० |

- **नगर प्रहरी सिपाई(जवान) पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको।
(२) कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको।
(३) नैतिक पतन देखिने कनै फौजदारी अभियोगमस सजाय नपाएको।
(४) कनै राजनीतिक दलको सदस्य नरहेको।
(५) मानव अधिकार र मानविय कानूनको उल्लंघनमा सजाय नपाएको।
(६) पुरूषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्च देखी ३३ इन्च सम्म, तौल ५० के.जी भएको।
(७) महिलाको हकमा घटिमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।
(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।



Scanned with CamScanner

(९) नेपाल सरकारको सरकारी अस्पताल बाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।
(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको।
(११) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।
(१२) भविष्यमा सामान्यतया सरकारी नोकरी को निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको।
(१३) नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

- **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारले व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंमले हस्ताक्षार गरी प्रमाणित गर्नुपर्नेछ।
- पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनुपर्नेछ।
- परिक्षाको किसिमः पदपुर्ति समितिको निर्णय अनुसार।
- परिक्षा केन्द्रः गाउँपालिकाको कार्यालय, बुङचुङ धादीङ।
- तलब स्केलः गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner